## पुर्चौडी नगर कार्यपालिकाको ८९औं बैठकको उपस्थिती

आज मिति २०८२ साल कार्तिक २० गते बिहिवारका दिन यस पुर्चौडी नगरपालिकाका आदरणिय नगर प्रमुख श्री दिपक बहादुर बम ज्युको अध्यक्षतामा नगरकार्यपालिकाको ८९ औं बैठक बसी तपशिलमा उल्लेखित नगरकार्यपालिकाका सदस्यज्युहरुको समुपस्थितिमा तपशिलका प्रस्तावहरु उपर छलफल गति निम्नबमोजिमका निर्णयहरु पारित गरियो ।

## तपसिल

| सि.नं. | नाम थर | पद | ठेगाना | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | श्री दीपकबहादुर बम | नगर प्रमुख | पु.न.पा.-१ | ९८५८४२३५०५ | |
| २. | श्रीमति मिना धानुक | नगर उप-प्रमुख | पु.न.पा.-१ | ९८५८४९०१४४ | |
| ३. | श्री गणेश बहादुर गडाल | वडा अध्यक्ष | पु.न.पा.-१ | ९८६८७७९१५५ | |
| ४. | श्री चक बहादुर बम | वडा अध्यक्ष | पु.न.पा.-२ | ९८६४६५४०८६ | |
| ५. | श्री खगेन्द्र बहादुर बोहरा | वडा अध्यक्ष | पु.न.पा.-३ | ९८६८७७४२३१ | |
| ६. | श्री दिल बहादुर धानुक | वडा अध्यक्ष | पु.न.पा.-४ | ९८४८५३३४८३ | |
| ७. | श्री नागी सिंह खडायत | वडा अध्यक्ष | पु.न.पा.-५ | ९८६३०९८४४० | |
| ८. | श्री नरेन्द्र बहादुर साउद | वडा अध्यक्ष | पु.न.पा.-६ | ९८४८९९६५४६ | |
| ९. | श्री धिरेन्द्र बहादुर बम | वडा अध्यक्ष | पु.न.पा.-७ | ९८४८९०१९८१ | |
| १०. | श्री विर बहादुर बोहरा | वडा अध्यक्ष | पु.न.पा.-८ | ९८४८७८७२१४ | |
| ११. | श्री रम्वाबोहरा | वडा अध्यक्ष | पु.न.पा.-९ | ९८६८५९३८९६ | |
| १२. | श्री हिक्मत बहादुर बिष्ट | वडा अध्यक्ष | पु.न.पा.-१० | ९८६८४९४७५३ | |
| १३ | श्री अस्मितापार्की | दलित सदस्य | पु.न.पा -५ | ९८६८३०६०६२ | |
| १४ | श्री बागमति चुनारा (लुहार) | दलित सदस्य | पु.न.पा -४ | ९८६५८८६५७३ | |
| १५ | श्री मानमति चन्द (बम) | महिला सदस्य | पु.न.पा -८ | ९८६८५९२३४६ | |
| १६ | श्री प्रमिला साउद | महिला सदस्य | पु.न.पा -६ | ९७४५५८४३११ | |
| १७ | श्री लक्ष्मी विष्ट | महिला सदस्य | पु.न.पा -१० | ९८६५६४५७२२ | |
| १८ | श्री धानाकुमारी महरा (ऐर) | महिला सदस्य | पु.न.पा -७ | ९८६५६७९९१४ | |
| १९ | श्री थेपडी धामी | महिला सदस्य | पु.न.पा -१ | ९८६९५०५८९२ | |
| २० | श्री वीर बहादुर नेपाली | सदस्य सचिव | धनगढी, कैलाली | ९८४८६०८३३५ | |
| २१ | श्री गमी सिंह रतौडी | जि.वा.वी.प्र. | पु.न.पा.६ | ९८६३०९८४१४ | |
| २२ | | | | | |
| २३ | | | | | |
| २४ | | | | | |

## प्रस्तावहरुः-

१. चालु आ.व २०८२।०८३ को बार्षिक कार्यक्रम कार्यान्यिन सम्बन्धमा।
२. व्यवसाय दर्ता र नविकरण सम्बन्धमा।
३. प्राकृतिक क्षतिको विवरण संकलन सम्बन्धमा।
४. कृषि मेला तथा पशु मेला आयोजना गर्ने सम्बन्धमा।
५. विपत कोष खडा गर्ने सम्बन्धमा।
६. दलहल बाली तथा रैथाने वाली प्रर्वद्धन गर्ने सम्बन्धमा।
७. स्काभेटर मेसिन भाडामा लिने सम्बन्धमा।
८. कडा रोग वाफतको स्वास्थ्य विमा शुल्क शोधभर्ना गर्ने सम्बन्धमा।
९. रिक्त र स्वीकृत दरबन्दिमा करार कर्मचारी भर्नाको लागी सहमति माग गर्ने सम्बन्धमा।
१०. रकम ट्रान्सफर सम्बन्धमा।
११. राजश्व प्रणाली सम्बन्धमा।
१२. दायित्व भुक्तानी सम्बन्धमा।
१३. बाझो जमिनको लगत संकलन गर्ने सम्बन्धमा।
१४. क्रसरको सिफारिस सम्वन्धमा।

## निर्णयहरुः-

१. प्रस्ताव नं.१ माथि छलफल गर्दा चा.लु आ. ब. २०८२/०८३ मा कार्यान्वयन हुने गरि विनियोजित योजना तथा कार्यक्रमहरुको सम्झौता २०८२ मंसिर मसान्त भित्र सम्पन्न गरीसक्न सम्पुर्ण शाखा तथा वडा कार्यालयहरुलाई निर्देशन दिने साथै नगरपालिकाको अवण्डा बजेट र वडा नं ३,६,७, र ८ को अवण्डा बजेट हिउदे नगरसभाबाट पारित भए पश्चात कार्यान्वयन गर्ने निर्णय पारीत गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा पुर्चौडी नगरपालिका भित्र संचालनमा रहि यस कार्यालयमा दर्ता नभएका व्यवसायहरुको हकमा व्यवसायीहरुलाई १५ दिनको समयावधि दिई पुर्चौडी नगरपालिकाको आर्थिक ऐन २०८२ को अधिनमा रहि आ-आफ्नो व्यवसाय दर्ता गर्नको लागी पत्राचार गर्ने तथा यस कार्यालयमा दर्ता भई नविकरण नगरिएका व्यवसायहरुको हकमा व्यवसाहीहरुलाई १५ दिनको समयावधि दिई पुर्चौडी नगरपालिकाको आर्थिक ऐन २०८२ को अधिनमा रहि आ-आफ्नो व्यवसाय नविकरण गर्नको लागी पत्राचार गर्ने निर्णय पारित गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा बर्षा याममा भएका विभिन्न प्राकृतिक प्रकोपको क्षतिको विवरण (पाईप बगाएको, धारा बगाएको, जाली बगाएको, घर पहिरोमा परेको लगायतका अन्य विभिन्न क्षति) संकलन गर्नको लागी पुर्वाधार विकास शाखामा कार्यरत प्राविधिक हरुलाई १० वटै वडामा खटाउने निर्णय पारित गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा पुर्चौडी नगरपालिका भित्र रहेका कृषक तथा पशु पालकहरुलाई कृषि तथा पशु पालनमा पेशामा थप आकर्षण गर्नको लागी कृषि तथा पशु मेला आयोजना गर्नलाई आवश्यक कार्यक्रम तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न कृषि विकास शाखालाई निर्देशन दिने निर्णय पारित गरियो।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा दलहल बालीनाली तथा स्थायी बाली प्रवर्द्धन गर्ने सम्बन्धमा आवश्यक कार्यक्रम तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्नको लागी कृषि विकास शाखालाई निर्देशन दिने निर्णय पारित गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा भदौ २३ र २४ गते भएको जेन.जि आन्दोलनको मौका छोपि केहि अराजक तत्वहरुले नगरपालिकाको स्काभेटर मेशिनमा आगजनि गरि उक्त मेसिनलाई प्रयोग गर्न नसकिने अवस्थामा पुऱ्याएको हुनाले चा.लु आ.व मा नगरपालिकाबाट संचालन हुने विभिन्न निर्माण सम्बन्धि कार्यहरु गर्नको लागी सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम एउटा स्काभेटर मेसिन भाडामा लिने निर्णय पारित गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा पुर्चौडी नगरपालिका भित्र रहेका कडा रोगबाट(निर्देशिकामा तोकिएका) पिडित विपन्न नागरिकको परिवारहरुलाई स्वास्थ्य बिमा कार्यक्रममा सहभागी गराउने र स्वास्थ्य विमा बाफतको रकम नगरपालिकाबाट विपन्न नागरिकहरुलाई शोध भर्ना गर्ने निर्णय पारित गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकाको स्वीकृत दरबन्दीको रिक्त रहेका तपसिल बमोजिमका पदहरुमा करार सेवाबाट पदपुर्ति गर्ने निर्णय गरियो साथै सोको पदपुर्ति प्रक्रिया अगाडि बढाउनको लागी सुदुरपश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट सहमति माग गर्ने निर्णय पारित गरियो ।

**तपसिल:**

| क्र.सं. | पदपुर्ति गर्नु पर्ने पद | सेवा/समुह | श्रेणी/तह | पदपुर्ति गर्नुपर्ने सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ईन्जिनियर | ईन्जिनियरिङ/सिभिल | अधिकृत ~~छैठौं~~ (सातौं) | १ | |
| २ | अनमि | नेपाल स्वास्थ्य/पहेन | सहायक चौथौ | २ | |

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा नगरपालिकाको चालु आ.व २०८२।०८३ मा विपद कोष र भैपरि आउने शिर्षक मा बिनियोजित गरिएको बजेट रु. २००००००।–(अक्षेरुपि बिस लाख मात्र) नगरपालिकाकै प्रकोप व्यवस्थापन कोषमा ट्रान्सफर गरि कार्यबिधि बमोजिम खर्च गर्ने निर्णय गरियो साथै ट्रान्सफर प्रक्रियालाई शीघ्र कार्यान्वयन गर्न लेखा शाखालाई जिम्मेवारी दिने र रकम ट्रान्सफर गर्दा वित्तिय अनुशासन, कार्यविधि र बजेट शीर्षकअनुसारको स्वीकृत प्रक्रिया पालन गर्न निर्देशन दिने निर्णय पारित गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा नगरपालिकाको राजश्व व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित, पारदर्शी र डिजिटल बनाउनका लागी विद्यमान राजश्व संकलन कार्यको समीक्षा गरी आवश्यक सुधारका प्रस्तावहरु तयार गर्न राजश्व शाखा र लेखा शाखालाई संयुक्त रुपमा जिम्मेवारी दिने साथै जग्गाधनि र व्यवसायिहरुको विवरण पुर्ण रुपमा करको दायरामा ल्याउनको लागी नगरपालिका भित्र रहेका घर, जग्गा तथा नगरपालिकामा दर्ता भएका व्यवसायहरुलाई राजश्व पोर्टलमा अभिलेखिकरण गर्ने व्यवस्था मिलाउनको लागी वडा सचिब ज्यु संग सहाकार्य र समन्यव गर्ने र आवश्यकता बमोजिम परामर्श सेवा खरिद गरि अभिलेखन प्रक्रिया लाइ अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृत ज्यु लाई निर्देशन दिने निर्णय पारित गरियो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा नगरपालिकामा आ.व २०८१।०८२ मा दायित्व सृजित भइ चालु आ.व २०८२।०८३ को बजेटमा समाबेश भएका सम्पुर्ण दायित्वहरुको भुक्तानि प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृत ज्यु लाई निर्देशन दिने निर्णय पारित गरियो ।

CamScanner

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा नगरपालिकामा आ.व २०८१।०८२ मा दायित्व सृजित भइ चालु आ.व २०८२।०८३ को बजेटमा समाबेश भएका सम्पुर्ण दायित्वहरुको भुक्तानि प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृत ज्यु लाई निर्देशन दिने निर्णय पारित गरियो।

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा नगरपालिका भित्र रहेका बाझो जमिनको लगत संकलन गर्नको लागी १० वटै वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय पारित गरियो।

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं ७ मा स्थानिय पुर्वाधार विकास आयोजना कार्यालय सुदुरपश्चिम प्रदेश कैलालीबाट संचालन हुने कोटेली त्रिवेणी गाड त्रिवेणी सडक पुल निर्माण योजनाको निर्माण कार्यका लागी मैया निर्माण सेवा नाम्दु २ दोलखा संग सम्झौता भएको र सोको निर्माण कार्य अगाडि बढाउन ऐ नगरपालिका वडा नं ०८ मा स्थित जगदम्बा विल्डर्स प्रा.ली को क्रसर उद्योगबाट आवश्यक ढुंगा, गिट्टी, बालुवा आपूर्तिको लागी निर्माण व्यवसायीबाट सिफारिस माग भएकोले मैया निर्माण सेवा लाई जगदम्बा विल्डर्स प्रा.ली ले सञ्चालन गरेको क्रसर उद्योगबाट ढुंगा, गिट्टी, बालुवा आपुर्तिकोलागी सिफारिस दिने निर्णय पारित गरियो।

श्रदेय नगर प्रमुख ज्यू को आदेशानुसार बैठक सम्पन्न गरियो।

२०८२ साल कार्तिक २० गते बिहिबार शुभम्।

CamScanner